# यशोधरा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०८०/०८१

चलानी नम्वर :-

२०८०।१०।१०

## लोकसेवा तयारी कक्षा संचालन सम्बन्धी सुचना ।

**प्रकाशन मितिः २०८०/१०/१०**

प्रस्तुत विषयमा यस यशोधरा गाउँपालिकाको चालु आ.व. ०८०/०८१ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तरगत सहायक स्तर चौथो/ पाचौं तहको ६० दिने लोकसेवा तयारी कक्षा यशोधरा गाउँपालिकावाट संचालन हुन गई रहेको हुदाँ ८ वटै वडावाट ४० जना सहभागी छनौंट गर्नुपर्ने भएकोले योग्यता पुगेका यस गाउँपालिकामा स्थायी बसोबास रहेको महिला, दलित, मुस्लिम, विपन्न, अपाङ्गता भएको तथा इच्छुक व्यक्तिले मिति २०८०/१०/१७ गते भित्र यस पालिकाको राजस्व शाखामा तपसिल अनुसार कागजात सहित निवेदन दिनु हुनका लागि यो सुचना प्रकाशन गरिएको छ । रित पूर्वक नभएका तथा म्याद नाघी आएका निवेदन स्वीकार नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः-

१. लिखित निवेदन पत्र
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान -१
३. SLC, SSE वा हाईस्कूलको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी थान-१
४. हालसालैको पार्टपोस साइज फोटो -१
५. महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्दछ भने पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्दछ ।
६. आवश्यकता भन्दा बढी आवेदन प्राप्त भएमा शैक्षिक प्रमाणपत्रको प्रतिशत अनुसार छनौंट गरिनेछ ।

नोटः- गत आ.व. ०७९/०८० मा यशोधरा गा.पा. वाट निशुल्क लोकसेवा आयोग तयारी कक्षा लिएका प्रशिक्षार्थीहरु तथा कुनै सरकारी पदमा कार्यरत रहेका प्रशिक्षार्थीहरु भन्दा नया प्रशिक्षार्थीहरुलाई बढी प्राथमिकता दिइनेछ ।

२०८०।१०।१०
रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

सुचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरी दिनु हुन ।

प्रमुख प्रशासकीय अधिकृत